NABIL BANK®
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

Nabil Bank
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मिति : २०७८/०९/०६

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरबारप्लाजा,**
**रामशाहपथ, काठमाडौं ।**

नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन
विभाग, बालुवाटार, काठमाडौं ।

**नेपाल राष्ट्र बैंक,**
**बैंक सुपरिवेक्षण विभाग,**
**काठमाडौं ।**

**श्री नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर ।**

**श्री सिडिएस एण्ड क्लियरिंग लि.,**
**पुतलिसडक, काठमाडौं ।**

**विषय : ३८औं बार्षिक साधारणसभाको सूचना एवं शेयरधनी दर्ता किताब बन्द सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस बैंक संचालक समितिको मिति २०७८/०९/०४ को निर्णयानुसार बैंकको ३८औं वार्षिक साधारणसभा आगामी २०७९ पौष २९ गते शुक्रवार(तदनुसार १३ जनवरी, २०२३) का दिन बिहान १०:०० बजे सिल्भर ओक ब्याङक्वेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौंमा बस्ने व्यहोरा तहाँको जानकारीका लागि अनुरोध गर्दछौं ।

साथै, साधारण सभा तथा नगद लाभांश एवं बोनश शेयर प्रयोजनका निमित्त बैंकको शेयर दाखिल खारेजको काम मिति २०७९/०९/१८ का दिन बन्द (Book Closure) हुने ब्यहोरा जानकारी गराउँदै साधारण सभा सम्बन्धमा मिति २०७९/०९/०६ गतेको दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको सूचनाको विवरण यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

विनय कुमार रेग्मी
कम्पनी सचिव

**बोधार्थः**
नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं ।

# नबिल बैंक लिमिटेडको
# ३८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

नबिल बैंक सञ्चालक समितिको मिति २०७९/०९/०४ को निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्नको लागि बैंकको **३८ औं वार्षिक साधारण सभा** बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागी भइदिनु हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ :

१. **मिति, स्थान तथा समय**

मिति : **२०७९ पौष २९ गते, शुक्रवार (तदनुसार १३ जनवरी २०२३)**

स्थान : **सिल्भर ओक व्याङक्वेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौं**

समय : **बिहान १०:०० बजे**

२. **छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको प्रतिवेदन २०७८/७९ पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने,
३. यस बैंकको सहायक कम्पनी नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नेपाल बङ्गलादेश क्यापिटल लिमिटेड, एनबिबिएल सेक्युरिटिज लिमिटेडको आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ आषाढ मसान्तमा कायम रहेको चूक्ता पूँजीको ११.५० प्रतिशत दरले हुन आउने **रू.२,६२,५७,८४,४९२/६८** बराबरको नगद लाभांश वितरण स्वीकृत गर्ने,
५. आ.व. २०७९/८० (२०२२/२३) को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक SAR Associates Chartered Accountants र P.J. P.N. & Co.Chartered Accountants पुनः नियुक्त हुन योग्य हुनुहुन्छ),
६. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन)को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी **रू.२८,००,००,००,०००/-** (अक्षरेपी अठ्ठाइस अर्ब) पुऱ्याउने,
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम **रू.४,२२,४०,८८,०९६/९२** बराबरको बोनस शेयर अर्थात् चुक्ता पूँजीको १८.५० प्रतिशत (प्रत्येक १०० शेयर बराबर १८.५० बोनस शेयर) जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी **रू. २७,०५,६९,९६,७२९/२६** पुऱ्याउने,
३. बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) तथा नियमावलीको नियम ३१(२), ३१(३) र ३१(४) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने,
४. आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) को प्रयोजनका लागि अनुमोदन गर्ने,
५. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्न, गाभ्ने र गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

वि.सं. २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब लगायतका वित्तीय विवरण तथा सञ्चालक समितिको प्रतिवेदन बैंकको वेबसाईट www.nabilbank.com मा समेत हेर्न सकिनेछ ।

**सञ्चालक समितिको निर्णयानुसार**
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. नगद लाभांश तथा बोनस शेयर प्रयोजनको निमित्त मिति २०७९/०९/१८ गते सोमवारका लागि एक दिन शेयरधनी दर्ता पुस्तिका बन्द गरिनेछ ।
२. साधारण सभामा भाग लिन ईच्छुक शेयरधनीले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका सो दिन बिहान ९:०० बजेदेखि खुल्ला हुनेछ । हाजिरीको निमित्त शेयर डिम्याट भईसकेका शेयरधनीका लागि आफ्नो नामको Alphabet अनुरुप तथा शेयर डिम्याट गर्न बांकी रहेका शेयरधनीका लागि शेयरधनी नं. अनुरुप हाजिर गर्ने व्यवस्था मिलाईने छ ।
३. सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन ।
४. संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धी तालिका बैंकको वेवसाइटमा पछि प्रकाशित गरिनेछ ।
५. निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने संस्थापक समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले बैंकको कम्तीमा ३१ (एकत्तीस) कित्ता ऋणभारमुक्त शेयर आफ्नो नाममा ग्रहण गरेको हुनु पर्नेछ (संस्थाको तर्फबाट उमेद्वारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएको नीति, निर्देशन तथा बैंकको निर्वाचन निर्देशिका बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ ।
६. सञ्चालकको निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले बैंकको निर्वाचन निर्देशिका, २०७७ को अनुसूचीमा उल्लिखित ढाँचाको मनोनयन पत्र तथा मनोनयन पत्र दस्तुर रु. ५,०००/- (फिर्ता नहुने) सहित निर्वाचन तालिकामा उल्लिखित मितिभित्रमा निर्वाचन अधिकृत समक्ष व्यक्तिगत रुपमा आफैं उपस्थित भई मनोनयन पत्र दाखिला गर्नु पर्नेछ । संस्थाको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले आधिकारिक पत्र सहित मनोनयन पत्र दाखिला गर्नु पर्नेछ ।
७. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि अर्थात् मिति २०७९/०९/२६ का दिन १०:०० बजे भित्र नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्सालमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।
८. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०७९/०९/२७ का दिन बिहान १०:०० बजेभित्र श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्सालमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ ।
९. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । कम्पनीको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ ।
१०. नाबालक तथा मानसिक रुपमा अशक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नु हुनेछ ।
११. छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनुभन्दा ७ (**सात**) दिन अगावै कम्पनी सचिव मार्फत बैंक सञ्चालक समितिका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।
१२. शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुँदा सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको आवश्यकतानुरुप सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१